# बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, बुटवल

## हाटबजार संचालन/व्यवस्थापन

## आय ठेक्का सम्वन्धी वोलपत्र आव्हानको सूचना

***प्रथम पटक सूचना प्रकाशित मिति २०७५/०२/२९***

बुटवल उप महानगरपालिका वडा न. ५,७,११,१२ र १७ मा अबस्थित तपशिलमा उल्लेख भए बमोजिमका हाटबजारहरुको छुट्टा छुट्टै रुपमा ठेक्का बन्दोबस्त गरी निजी क्षेत्र मार्फत संचालन गराउनु पर्ने भएको हुँदा तोकिएको शर्त, नियम तथा प्रावधान भित्र रही उक्त हाटबजारहरु संचालन/व्यवस्थापन गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म,कम्पनीबाट (नियमानुसार प्रमाण पत्र नवीकरण भएका) रित पूर्वकको बोलपत्र आव्हान गरी सम्बन्धित सबैको जानकारीका लागि यो बोलपत्र सम्बन्धी सूचना प्रकासित गरिएको छ ।

१. तपशिलमा उल्लेखित हाटबजारहरुका लागि तपशिल बमोजिमको बोलपत्र फारम दस्तुर बुझाई २०७५/०३/२७ गते सम्म कार्यालय समय भित्र वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखा बाट खरिद गर्न सकिनेछ ।

२. प्रत्येक हाटबजारको लागि छुट्टा छुट्टै वोलपत्र फारम भरेर शीलबन्दी गरी खाम बाहिर आय ठेक्का नं. उल्लेख गरी २०७५/०३/२८ गते दिनको १२.०० बजेसम्म वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवलमा दाखिला गर्न सकिनेछ । साथै दर्ता हुन आएका वोलपत्रहरु सोही दिन दिनको २.०० बजे बुटवल उप महानगरपालिकामा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने र खोल्ने दिन बिदा परे त्यसपछि लगतै कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।

३. शिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको कुल ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवलको नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको कार्यालय कोड नं.३७-३६५-११ धरौटी खाता नं. ३१२०३०३००३००३ मा जम्मा गरेको संक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गरेको मितिले कम्तीमा ७५ दिन म्याद भएको बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको नाममा जारी गरिएको बैंक जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ।

४. स्वीकृत शिलबन्दी बोलपत्र/दरभाउपत्र दाताले ठेक्का अंक भुक्तानी गर्दा कुल ठेक्का अंकलाई ६ किस्तामा बिभाजन गरी पहिलो किस्ता संझौता गर्दाकै वखत, दोस्रो किस्ता २०७५ कार्तिक मसान्त भित्र तेस्रो किस्ता २०७५ फाल्गुण मसान्त भित्र, चौथो किस्ता २०७६ आषाढ मसान्त भित्र,पाचौं किस्ता २०७६ कार्तिक मसान्त भित्र र छैठौ (अन्तिम)किस्ता २०७६ फाल्गुण मसान्त भित्र वुझाउनु पर्नेछ ।

५. कबोल गरेको कुल ठेक्का रकम संझौता गर्दाकै वखत एकमुष्ठ वुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

६. बुटवल उप महानगरपालिकाले तोकेको क्षेत्र भन्दा बाहिर हाटबजार लगाउन पाईने छैन । साथै उल्लेखित बजारहरुको बिजुली, पानी तथा सर-सफाईको व्यबस्था बुटवल उप महानगरपालिका बाट हुनेछ ।

७. ठेक्का सम्झौता पछिको बुझाउन बाँकी किस्ता रकम बराबरको ठेक्का अवधिसम्मको क वर्गको बाणिज्य बैंकबाट बुटवल उप महानगरपालिकाको नाममा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

८. हाटबजारहरुको बैठकी दररेट लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि बुटवल उप महानगरपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

९. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार बुटवल उप महानगरपालिकामा सुरक्षित रहनेछ ।

१०. नेपाल सरकारलाई बुझाउनु पर्ने प्रचलित ऐन नियमानुसारको कर रकम बोलपत्र दाता स्वयंले बुझाउनु पर्नेछ ।

११. अन्य कुरा हरुको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

*तपशिल :*

| ठेक्का नं. | कामको बिवरण | न्यूनतम ठेक अंक (सरकारी कर बाहेक) | बोलपत्र दस्तुर | ठेक्का अवधी |
|---|---|---|---|---|
| २०/०७४/०७५ | वडा नं. ५ शनिवार,मंगलवार,बुधवार र शुक्रवार लाग्ने हाटबजारको संचालन / व्यवस्थापन | रु.८०,००,०००.०० (असी लाख) | रु.३०००।०० | २०७५ श्रावण १ गते देखि २०७७ आषाढ मसान्त सम्म |
| २१/०७४/०७५ | वडा नं.७ दिपनगरमा सोमवार र विहिवार लाग्ने हाटबजारको संचालन / व्यवस्थापन | रु.१६,००,०००.०० (सोह्र लाख) | रु.१०००।०० | २०७५ श्रावण १ गते देखि २०७७ आषाढ मसान्त सम्म |
| २२/०७४/०७५ | वडा नं.११ देवीनगरमा मंगलवार र शुक्रवार लाग्ने हाटबजारको संचालन / व्यवस्थापन | रु.६,००,०००.०० (छ लाख) | रु.१०००।०० | २०७५ श्रावण १ गते देखि २०७७ आषाढ मसान्त सम्म |
| २३/०७४/०७५ | वडा नं.१२ नयांगाउमा आईतवार र विहिवार लाग्ने हाटबजारको संचालन / व्यवस्थापन | रु.१५,००,०००.०० (पन्द्र लाख) | रु.१०००।०० | २०७५ श्रावण १ गते देखि २०७७ आषाढ मसान्त सम्म |
| २४/०७४/०७५ | वडा नं.१७ मोतिपुरमा आईतवार र बुधवार लाग्ने हाटबजारको संचालन / व्यवस्थापन | रु.१२,००,०००.०० (बाह्र लाख) | रु.१०००।०० | २०७५ श्रावण १ गते देखि २०७७ आषाढ मसान्त सम्म |

बुटवल उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय बुटवल,रुपन्देही